# ३. पाप के हो ?

क. मुख्य पदहरु

रोमी ३:२३, रोमी ६:२३ र यशैया ५९:२

ख. परिभाषा

पाप गर्नु भनेको परमेश्वरलाई केही कुराले बेखुशी तुल्याउनु हो. यो संसारमा जन्मेको प्रत्येक मानिस पापी हो. यहाँसम्म कि अति सुन्दर, निश्छल देखिने वालकले पनि अन्ततोगत्वा पाप गर्दछन् किनभने पहिलो पाप त्यस वालकले गरेकोले नभएर पापमय स्वभावमा ऊ जन्मेकोले उसले त्यही स्वभाव प्रकट गरिरहेको छ (भजन ५१:५). स्वाभाविक जीवन पापमय छ किनभने यो परमेश्वरको सट्टा स्वयंमा केन्द्रित छ. ऊ आफैंलाई खुशी पार्दै आफ्नो इच्छा पूरागर्छ. आफूलाई खुशीपार्नु स्वाभाविक हो र यो नै समस्याको मूलजरो हो. हामी स्वार्थी स्वभाव लिएर जन्मेकाले जब हामी स्वाभाविक रुपमा व्यवहार गर्छौं अन्तमा हामी परमेश्वरलाई रिस उठाउँछौं (रोमी ३:२३). पापले परमेश्वरलाई दिक्क पार्ने मात्रै हैन यसले त मानिसहरुलाई उहाँले तिनीहरुको निम्ति सृजना गर्नुभएको महिमाबाट पनि अलग पार्छ. यसले पापको बिध्वंशकारी स्वभावलाई देखाउंछ. पापले मानिसलाई परमेश्वरबाट छुट्टयाउंछ. पापीहरु उहाँदेखि टाढिएका हुन्छन, तिनीहरुले उहाँलाई चिन्दैनन् न त तिनीहरुले उहाँसितको सँगतिको आनन्दनै लिन सक्छन्. जन्मैदेखि हरेक मानिस परमेश्वरबाट छुट्टिएका छन. यदि यसो नभएको भए हरेक स्त्री, पुरुष र केटाकेटीहरुले स्वाभाविक रुपमा परमेश्वरलाई चिन्नेथिए. स्पष्ट छ त्यसो भएन.

ग. परिणामहरु

- यसले परमेश्वरलाई दु:खी तुल्याउंछ (उत्पत्ति ६:५-७).
- यसले रोषपूर्ण भावना ल्याउंछ (भजन ५१:३-४).
- यसले परमेश्वरबाट अलग पार्छ (यशै ५९:१-२).
- यसले न्याय र अनन्त दण्ड ल्याउंछ (मत्ती २५:४६).
- यसले दासत्वमा पुऱ्याउंछ (रोमी ६:१७).
- यसले आत्मिक अन्धोपन उत्पन्न गर्छ (२कोरिन्थी ४:४).

- यसले आत्मिक मृत्युसम्म पुऱ्याउंछ (एफिसी २:१).
- यसले निराशा उत्पन्न गर्छ (एफिसी २:१२).
- यसले भ्रष्ट पार्छ (तीतस १:१५).
- यसले दोष लगाउंछ (याकूब ५:१२).

घ. पापको निम्ति बाइबलको शब्द

परमेश्वरबाट मानिसको अलग्गयाई र बिछोडको अनुभवलाई बयान गर्न बाइबलमा एकभन्दा बढी शब्दहरु पाइन्छन्. ती शब्दहरुलाई चार मुख्य भागमा विभाजन गर्न सकिन्छ.

१. गलत बाटोमा लाग्नु

Chattah : निशाना चुक्नु वा गलत साबित हुनु (न्याय २०:१६, भजन ५१:४)

Avon : बांगिनु वा बरालिनु अर्थात सही बाटोमा हिंडनुपर्ने जान्दाजान्दै पनि खराब बाटोतिर लाग्नु (अयूब ३३:२७).

Shagahi बरालिनु वा गल्ती गर्नु (अयूब १९:४, लेवी ४:१३).

Parabasis सीधारेखाबाट टेढो हुनु, अर्थात सीमा नाघ्नु (रोमी ४:१५, गलाती ३:१९)

Hamartia (N.T.) निशानाचुक्नु (मत्ती १:२१, रोमी ६:२३).

Paraptoma (N.T.) अतिक्रमण गर्नु, गलत पाइला चाल्नु अथवा बाटो बिराउनु (कलस्सी २:१३, एफिसी २:५).

२. अवस्थाको विवरण (मानिसहरु जालमा परेको अवस्था)

Rasha : दुष्ट वा अधार्मिक (भजन १:६, ३७:२८).

Asham : दोषी वा (कसैको) चित्त दुखाउनु (उत्पत्ती २६:१०, लेवी ५:१५-१६ दोष बलिको रुपमा प्रयोग गरिएको).

३. स्वेच्छापूर्ण विद्रोह

परमेश्वर बिना पनि सबैकुरा ठीक हुन्छ भन्ने विचार गर्नु, एक प्रकारको घमण्ड जसमा तिनीहरु परमेश्वरदेखि स्वतन्त्र भएको घोषणा गर्छन्.

Persha : परमेश्वरलाई मुक्का ताक्नु (यशै १:२, १राजा १२:१९).

Anomia (N.T) : बिद्रोही वा स्वेच्छाचारी (२कोरिन्थी ६:१४, १यूहन्ना ३:४).

४. कुटिल विचार (कार्यहरु)

Marah : ढीठ, विद्रोहपूर्ण वा झगडालु (भजन ७८:८).

Marad : विद्रोह गर्नु (गन्ती १४:९).

Ra'ah : खराब वा दुष्ट अर्थात विशेष दुष्टतापूर्ण काम (उत्पत्ती १९:७).

(पापका प्रत्येक विचारहरुले हराएको, चुकेको, गुमेको, बाटो बिराएको वा बिग्रेको सत्यता प्रकट गर्दछ. प्रेमी परमेश्वरबाट यसले हामीलाई एक्लो पार्छ. मानिसहरु बीच यसले समस्या तथा फाटो उत्पन्न गर्छ र अन्तमा मानिस स्वयं बिग्रन्छ).

## ङ. हाम्रो प्रत्युत्तर

सबैजना आफ्ना पापप्रति स्वयं जिम्मेवार छन् (रोमी १४:१२). सबैभन्दा पहिला त परमेश्वरलाई प्रेमगर्नुको साटो हामी सबै स्वार्थी भएर पाप गरेका छौं. हामी पापबाट फर्केर बाँचौं भन्ने परमेश्वर इच्छा गर्नुहुन्छ. पाप गर्न चाहेर मानिसले परमेश्वरको इच्छा विपरीत गएको छ. त्यो छनौटको परिणाम परमेश्वरलाई थाहा छ यद्यपि उहाँले मानिसलाई ठीक कुरा छान्ने अधिकारले सम्पन्न गर्नुभएको थियो. पापैमा रहेर परमेश्वरबाट अलग्गै रहिरहने कि येशूलाई आफ्नो प्रभु र मुक्तिदाता मान्ने, आज पनि हामी यी दुइ बीच छान्नसक्छौं. हामी पापको दोष, शक्ति तथा परिणामबाट बचौं भनेर नै येशूले आफ्नो जीवन बलिदान गर्नुभयो. एकचोटी मात्र पाप गर्ने मानिससित पनि परमेश्वर सम्बन्ध राख्न सक्नुहुन्न किनभने उहाँ पवित्र हुनुहुन्छ. हाम्रा पापहरु मेटाउन र हाम्रो जीवनबाट त्यसलाई हटाउन उहाँले एउटा योजना उपलब्ध गराउनु भएको छ, यदि हामीले उक्त योजनालाई स्वीकार गर्‍यौं भने परमेश्वर हामीकहाँ आएर हामीसँग उहाँको पुन: सम्बन्ध कायम हुनेछ. यसैको निम्ति हामी मानवजातिको सृष्टि भएको हो. यसैकारण हामी हाम्रो हृदयमा खाली तथा रित्तोपन अनुभव गर्दछौं किनभने एकमात्र सत्य परमेश्वरसित हाम्रो सम्बन्ध छैन.

उहाँलाई चिन्न, उहाँलाई प्रेम गर्न, हाम्रा निम्ति उहाँको इच्छा जान्न र उहाँले तयारपार्नु भएको उद्देश्य हामीले थाहा पाऔं भन्ने परमेश्वर चाहनुहुन्छ. उहाँको राज्यको एक अंग हुँदै हामी उहाँको सन्तान भएको परमेश्वर चाहनुहुन्छ. प्रथमत: हाम्रा पापहरु क्षमा भएकै हुनुपर्छ र दोश्रोमा हामीले नयाँ जन्म पाएकै हुनुपर्छ अनि पापमय स्वभाव लिएर जन्मेको हाम्रो पुरानो जीवन नष्ट (मृत्यु) भएकै हुनुपर्छ (यूहन्ना ३:५-७).

त्यसपछिमात्र हाम्रो स्वभाव नयाँ हुनेछ, परमेश्वरलाई जान्न र उहाँको सँगतिमा आनन्द मनाउन हामी समर्थ हुनेछौं.

## च. प्रश्नहरु तथा छलफलका बुँदाहरु

१. "निशाना चुक्नु" पापको एउटा उत्तम उदाहरण हो. छलफल गर्नुहोस्.
२. पापको विश्वव्यापि परिणाम के हो ? (यशै ५९:१-२).
३. मानिसले पाप गर्छ र आफूबाट छुट्टिन्छ भनेर परमेश्वरले थाहा पाउनु भएर पनि स्वतन्त्रतापूर्वक मानिसलाई छान्न किन अनुमति दिनुभयो ?
४. पाप गरेपछि आदमलाई के भयो ?
५. आदमले पाप गरेपछि उसका सन्तानहरु जो सम्पूर्ण मानवजाति हुन्, तिनीहरुमा पापको परिणाम कस्तो भयो ?
६. धेरै मानिसहरुका निम्ति अपराधबोध किन मुख्य समस्या हुनपुग्यो ?
७. मानिसहरुले परमेश्वरलाई खुशी पारिराखेका छैनन् भन्ने कुरा तिनीहरु किन स्वीकार गर्दैनन् ?

## छ. सारांश तथा प्रयोग

१. सबै मानिसहरु पापमय स्वभाव बोकेर जन्मेका छन्.
२. मानव भएकोले हामी परमेश्वरलाई मन नपर्ने कुराहरुमा हाम्रो मन लगाउंछौं.
३. आफूले गरेका पापहरुप्रति हामी प्रत्येक मानिसहरु जिम्मेवार छौं.
४. हाम्रा पापहरु लिनको निम्ति परमेश्वर पिताले येशूलाई पठाउनुभयो.
५. येशूले गर्नुभएका कामहरुमा हामी सहभागी हुनका निम्ति परमेश्वरलाई मन नपर्ने हामीले गरेका कामहरुका लागि हामीले उहाँसँग क्षमा माग्नुपर्छ र येशूलाई हाम्रो प्रभु र मुक्तिदाता स्वीकार गर्नुपर्छ.